# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३१ | काठमाडौं | आइतबार, १० जेठ २०८३ | Prabhab National Daily | Sunday, 24 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## गगनको 'पेल्ने रणनीति'ले कांग्रेस विभाजनको डिलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगन थापामाथि पार्टी एकता जोगाउने दबाब बढेको छ । कांग्रेस नेताहरूले पार्टी एकतालाई कायम राख्ने कि फुटतर्फ धकेल्ने भन्ने थापाको कदममा निर्भर हुने बताएका छन् । सभापति थापा 'पेल्ने रणनीति'मा अगाडि बढ्दा पार्टी फुट रोक्न नसक्ने अवस्थामा पुगेको नेताहरू बताउँछन् ।

सभापति थापाले भने आफू पार्टी एकता जोगाउन क्रियाशील रहेको बताएका छन् । शनिबार कोशी प्रदेशको राजधानी विराटनगरस्थित कोइराला निवास पुगेर सभापति थापाले सञ्चारकर्मीहरूसँग कुरा गर्दै पार्टीभित्रका असन्तुष्टिलाई सम्बोधन गर्दै पार्टी एकता कायम राख्नु आफ्नो मुख्य कार्यभार भएको स्वीकार गरे । 'नेपाली कांग्रेस पार्टीभित्र देखिएका विमतिहरूलाई सम्बोधन गर्ने सभापतिका रूपमा मेरो आफ्नो जिम्मेवारी हो । यो जिम्मेवारी मैले निर्वाह गर्नुपर्छ र गरिरहेको पनि छु,' उनले भने ।

थापाले अहिले पार्टीका केही नेताहरू पार्टीबाहिर रहेको बताउँदै उनीहरूलाई केन्द्रीय समितिमा बसेर काम गर्न आह्वानसमेत गरे । 'केही साथीहरू, नेताहरू केन्द्रीय समितिभन्दा बाहिर हुनुहुन्छ । म उहाँहरू सबैलाई केन्द्रीय समितिभित्र आएर काम गर्नका निम्ति विशेष अनुरोध गरिरहेको छु,' उनले भने, 'आउने साथीहरूका लागि वातावरण हामी बनाइरहेका छौं । अब तिम्रो अनुहारै मन पर्दैन भने त बेग्लै कुरा हो ।'



> पार्टीभित्र देखिएका विमतिहरूलाई सम्बोधन गर्ने सभापतिका रूपमा मेरो आफ्नो जिम्मेवारी हो । यो जिम्मेवारी मैले निर्वाह गर्नुपर्छ र गरिरहेको पनि छु ।
>
> ■ **गगन थापा**
> **सभापति, नेपाली कांग्रेस**

> सबैलाई समेटेर अघि बढ्ने नीति नै कांग्रेसलाई बलियो बनाउने बाटो हो । नेतृत्वले ध्यान दिनुपर्छ ।
>
> ■ **डा. शशांक कोइराला**
> **पूर्वमहामन्त्री**

थापाले हालै निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का समूहमा रहेका केही नेतालाई केन्द्रीय समितिमा मनोनीत गरेपछि पार्टीभित्रको विवाद झनै चुलिएको छ । खड्काले गृहजिल्ला सुर्खेतको वीरेन्द्रनगर पुगेर पार्टी विभाजनको डिलमा पुगेको बताएका छन् । सभापति थापा अहंकारी भएको र उनी पेलेर अघि बढेको भन्दै पार्टी एकता कायम रहने सम्भावना क्षीण बनेको उनको निष्कर्ष छ ।

उनले भनेका छन्, 'गगन थापा सानेपाकोमात्रै सभापति हुनुभयो ।' खड्काको यो भनाइले कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवाको लिगेसी रहेको खड्का समूहलाई सभापति थापाले 'बाइकट' गरेको भनेका हुन् ।

यसबीच कांग्रेसका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टीभित्रको एकता र सुदृढीकरणका लागि गम्भीर गृहकार्य र संवादको आवश्यकता रहेको बताएका छन् । शनिबार पोखरामा आयोजित भेलालाई सम्बोधन गर्दै उनले पार्टीलाई एक ढिक्का बनाउन वैचारिक छलफल र ठोस पहल जरुरी रहेको बताएका हुन् । उनले कांग्रेस फुटे देश अन्धकारमा पर्ने दाबीसमेत गरे । 'पार्टी एक नभएसम्म नेपाली कांग्रेसकोमात्र होइन, नेपालको भविष्य नै अन्धकारतर्फ जान्छ,' उनले भने ।

उनले खड्कापक्षलाई पनि समेट्नुपर्ने भन्दै कांग्रेसलाई बलियो बनाउने दिशामा सभापति थापाको ध्यान जानुपर्ने बताए । 'सबैलाई समेटेर अघि बढ्ने नीति नै कांग्रेसलाई बलियो बनाउने बाटो हो । नेतृत्वले ध्यान दिनुपर्छ,' कोइरालाले भने ।

विशेष महाधिवेशनबाट सभापति भएपछि असन्तुष्ट नेता खड्कासँग थापाले दुई साताअघि भेट गरेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

# नेतृत्व छाड्ने दबाबमा ओली

- बहुमत सचिवालय सदस्य ओलीले नेतृत्वबाट मार्गप्रशस्त गर्नुपर्ने पक्षमा
- उपाध्यक्षहरु विष्णु पौडेल, पृथ्वीसुब्बा गुरूङ, गोकर्ण विष्ट र रघुजी पन्त, महासचिव शंकर पोखरेल र उपमहासचिव योगेश भट्टराईले मागे ओलीको राजीनामा
- उपाध्यक्ष रामबहादुर थापा, उपमहासचिव लेखराज भट्ट र सचिवद्वय महेश बस्नेत र पद्मा अर्याल ओलीको पक्षमा
- सचिवहरु शेरधन राई, राजन भट्टराई, खगराज अधिकारी र भानुभक्त ढकालले धारणा राख्न बाँकी
- पद त्याग नगर्ने ओलीको अडान



**अध्यक्ष केपी शर्मा ओलीको निवास गुण्डुमा शनिबार बसेको एमाले सचिवालय बैठक ।** *तस्बिर सौजन्य: एमाले सचिवालय*

■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली जेन-जी विद्रोहले प्रधानमन्त्रीबाट अपदस्त भएको नौ महिनामै पार्टी नेतृत्वबाट बहिर्गमनको दबाबमा परेका छन् । विगतमा आफूनिकट मानिएका सचिवालय सदस्यहरू नै अध्यक्ष ओलीको अनिवार्य बहिर्गमनको पक्षमा उभिएका छन् । झापा विद्रोहको बेला विद्यार्थी मोर्चामा आबद्ध हुँदै राजनीति थालेका ओलीको राजनीतिक जीवनको दुःखान्तपूर्ण अन्त्य हुने सम्भावना बढेर गएको छ ।

उनको नेतृत्वलाई लिएर शुक्रबार र शनिबारको सचिवालय बैठकमा गम्भीर बहस भयो । हालसम्म बोलेकामध्ये बहुमत पार्टी सचिवालय सदस्यले ओलीको नेतृत्वमा पार्टी अघि नबढ्ने स्पष्ट धारणा राखेका छन् । पार्टी पुनर्गठन, पुस्तान्तरण र नयाँ नेतृत्वको आवश्यकता औंल्याउँदै उनीहरूले ओलीले नेतृत्वबाट मार्गप्रशस्त गर्नुपर्ने बताएका छन् ।

उपाध्यक्षहरू विष्णु पौडेल, गोकर्ण विष्ट, पृथ्वीसुब्बा गुरुङ, रघुजी पन्त, महासचिव शंकर पोखरेल र उपमहासचिव योगेश भट्टराईले नेतृत्वबाट ओलीको विस्थापन अनिवार्य हुनुपर्ने मत राखेका छन् । यसले गर्दा ओलीलाई नेतृत्वमा रहिरहन गम्भीर संकट निम्तिएको छ । शनिबारको सचिवालय बैठकमा उपमहासचिव योगेश भट्टराईले प्रस्ट शब्दमा भने, 'अब तपाईंबाट पार्टी चल्दैन । राजीनामा दिनुस् ।'

भट्टराईले जसरी राजीनामा शब्द प्रयोग नगरे पनि महासचिव शंकर पोखरेलले पनि नेतृत्वमा ओलीको विकल्प खोजेका छन् । 'यसरी पार्टी जान सक्दैन । समीक्षा जरुरी छ । यही स्थितिमा अघि जान सकिँदैन । परिस्थिति सजिलो छैन,' पोखरेलको भनाइ उद्धृत गर्दै एक नेताले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

### पद नछाड्ने अडान

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी नेतृत्वबाट नहट्ने अडान लिएका छन् । शुक्रबार र शनिबार भक्तपुरको गुण्डुस्थित ओलीनिवासमा बसेको सचिवालय बैठकमा राजीनामाको दबाब बढ्दै जाँदा उनले आफू राजीनामाको मनस्थितिमा नरहेको बताएका हुन् ।



शनिबार बैठकमा ओलीले राखेको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'मलाई यसरी सम्झाएर सक्नुहुन्न । म सम्झिन्नँ । म यसरी छाड्दिनँ ।' शुक्रबार भने ओली पदबाट मार्गप्रशस्त गर्नु भन्ने पाँचमध्ये चार उपाध्यक्ष विष्णु पौडेल, रघुजी पन्त, गोकर्ण विष्ट र पृथ्वीसुब्बा गुरुङमाथि थर्काउने गरी प्रस्तुत भएका थिए ।

## सन्दर्भः वैदेशिक रोजगार

### भिसामा रोक लगाएसँगै जापानको 'फुड सर्भिस' क्षेत्रमा कामदार अभाव हुने अनुमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानले रेस्टुरेन्ट क्षेत्रमा कार्यरत कामदारको भिसामा रोक लगाएसँगै कर्मचारी अभाव हुने देखिएको छ । ग्रीष्मकालीन पर्यटक सिजन नजिकिँदै गर्दा विगतमै श्रमिकको अभाव झेलिरहेको 'फुड सर्भिस' क्षेत्रमा कामदार अभाव हुनसक्ने अनुमान गरिएको छ ।

जापानको आप्रवासन सेवा एजेन्सीले गत अप्रिल १३ मा फुड सर्भिससम्बन्धी स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्लू) कार्यक्रमको टाइप वान् भिसाको आवेदनहरूमा रोक लगाएको थियो । उक्त क्षेत्रमा पाँच वर्षे भर्ती कोटा लगभग भरिएकाले नयाँ आवेदन स्वीकृत नगरिने जनाइएको छ । एजेन्सीका अनुसार करिब ४६ हजार विदेशी कामदार फेब्रुअरीको अन्त्यसम्म उक्त क्षेत्रमा जापान पुगिसकेका छन् । सो क्षेत्रका लागि २०२९ को मार्चसम्म अधिकतम ५० हजारको सीमा निर्धारण गरिएको छ ।

जापानले सन् २०१९ मा पर्याप्त घरेलु कामदार नपाइने क्षेत्रमा विदेशी कामदार ल्याउनका लागि एसएसडब्लू कार्यक्रम सुरु गरेको थियो । मुलुकमा घट्दो जनशक्ति र ज्येष्ठ नागरिकको संख्यामा भएको वृद्धिका कारण अन्य मुलुकबाट जनशक्ति लग्न थालिएको हो । आवेदन दिनेहरूले जापानी भाषा परीक्षा तथा सीप मूल्यांकन गर्नुपर्छ ।

विदेशी श्रमिकमा निर्भर अन्य क्षेत्रहरूसँग तुलना गर्दा खाद्य सेवा क्षेत्रका ५० हजार कोटा निकै सानो भएको द जापान न्युजले जनाएको छ । आप्रवासन सेवा एजेन्सीको तथ्यांकअनुसार कोरोना महामारीपछिको अन्तर्राष्ट्रिय पर्यटन पुनरुत्थानसँगै २०२३ को अन्त्यदेखि जापानको खाद्य सेवा क्षेत्रमा विदेशी कामदारको संख्या तीन गुनाभन्दा धेरै बढेको छ । कोटाको प्रक्षेपण महामारीको समयमा गरिएकाले बजारको मागलाई सम्बोधन नगर्ने समाचारमा भनिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### अनुगमनमा आउने व्यक्तिको आधिकारिकता पुष्टि गर्न विभागको आग्रह




**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले संस्था अनुगमन गर्न आउने व्यक्तिको आधिकारिकता पुष्टि गर्न आग्रह गरेको छ । अनुगमनको नाममा अनधिकृत व्यक्तिले दुःख दिन थालेको पाइएपछि विभागले यस्तो आग्रह गरेको हो ।

अनुगमनमा खटिने कर्मचारीलाई विभागले पत्रसहित पठाउने भएकाले यसतर्फ सजग हुन विभागले अनुरोध गरेको छ । वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि विभागले नियमितरूपमा अनुगमन गरिरहेको छ । अनुगमनमा खटिने कर्मचारीले आफ्नो परिचयपत्र देखाएरमात्र अनुगमन गर्ने गरेको विभागको भनाइ छ ।

शुक्रबार एक सूचना जारी गर्दै 'विभागको कर्मचारी हुँ' भन्दै अनुगमन गरेको, अनधिकृत व्यक्ति संलग्न

⏭ क्रमशः पृष्ठ २ मा


**गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।**

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

## नेतृत्व छाड्ने...

उपाध्यक्ष पौडेलले त ओलीलाई विधान संशोधन गरेर तेस्रो कार्यकालका लागि अध्यक्ष बनाउनु नै गम्भीर गल्ती भएको भन्दै ओली नेतृत्वमा रहिरहनु औचित्यपूर्ण नभएको बताएका छन् । '७० वर्ष उमेर हद र दुई कार्यकाल अध्यक्षको प्रावधान हटाउनु नै गल्ती भयो र २३ गते (२०८२ को भदौ) बेलुकी राजीनामा दिएको भए आज राजनीति यहाँ आइपुग्थेन,' उनले भनेका छन् ।

ओलीले राजीनामा दिनुपर्ने शब्द उच्चारण नगरे पनि पद त्याग गरेर एमालेलाई जोगाउनुपर्ने अर्का उपाध्यक्ष विष्टले बताएका थिए । 'पर्‍यो भने मेरो ठाउँ त्याग्न तयार छु । हामी सबैले पद त्याग्न पनि तयार हुनुपर्छ,' उनको भनाइ थियो ।

त्यसैगरी अर्का उपाध्यक्ष गुरुङले एमाले ओलीको प्राइभेट कम्पनी नभएको भन्दै उनले पद त्याग्नुपर्ने बताएका छन् । भनिन्छ, सचिवालय बैठकको पहिलो दिन शुक्रबार ओली र गुरुङबीच चर्काचर्की नै परेको थियो । अर्का उपाध्यक्ष रघुजी पन्त पनि ओलीको विपक्षमा उभिए । उनले पनि ओलीको नेतृत्वमा एमालेलाई अगाडि लान नसकिने बताएका थिए ।

यसरी नेतृत्वमा ओलीको विकल्प खोजेका नेताहरूले पार्टीले गत प्रतिनिधिसभा निर्वाचनमा प्राप्त गरेको परिणाम, जनाधारमा आएको गिरावट, आन्तरिक असन्तुष्टि र संगठनात्मक कमजोरीको जिम्मेवार पनि ओलीलाई नै ठहर्‍याएका छन् । उनीहरूले कम्युनिस्ट आन्दोलनलाई नयाँ ढंगले अघि बढाउन पनि ओलीले नेतृत्वबाट मार्गप्रशस्त गर्नुपर्ने बताइरहेका छन् ।

सचिवालय बाहिरबाट पनि ओलीमाथि नेतृत्व त्याग्न उत्तिकै दबाब बढेको छ । शनिबार नै सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै पूर्वउपाध्यक्ष अष्टलक्ष्मी शाक्यले सचिवालय बैठकबाटै पार्टी नेतृत्वबाट बिदा लिन ओलीलाई सुझाइन् । उनले भनिन्, 'कमरेडले यही बैठकबाट स-सम्मान अध्यक्ष पदबाट बिदा लिनु राम्रो हुन्छ ।'

ओलीको दम्भ, घमण्ड र गुटगत सोचका कारण पार्टी कमजोर स्थितिमा पुगेको भन्दै नेतृत्व पुस्तान्तरण गर्न अनिवार्य भएको उनले बताएकी छन् । अध्यक्ष ओलीले तीन कार्यकाल नेतृत्व गरिसकेको स्मरण गराउँदै उनले अब युवा पुस्तालाई विश्वास गरेर नेतृत्व हस्तान्तरण गर्नुपर्ने बताएकी छन् । 'सास रहुन्जेल एमाले पार्टीको अध्यक्ष भइराख्ने तपाईंको सोच गलत,' उनले भनिन् ।

सचिवालयका केही सदस्यले भने ओलीलाई नेतृत्वबाट अलग गर्नुपर्ने अभिव्यक्तिको प्रतिवाद गरेका छन् । उपाध्यक्ष रामबहादुर थापा, उपमहासचिव लेखराज भट्ट, सचिव महेश बस्नेत र पद्मा अर्याल प्रतिवादमा उत्रिएका हुन् । उपाध्यक्ष थापाले पार्टी संकटमा रहेको र यो बेला नेतृत्वको रक्षा गर्नु कर्तव्य भएको धारणा राखेका छन् । 'पार्टी संकटमा छ । यस्तो बेला हामीले नेतृत्वको विकल्प खोज्ने होइन, रक्षा गर्ने हो,' थापाले शुक्रबार भनेका थिए । शनिबार सचिव बस्नेतले यही आशयमा ओलीको नेतृत्वमा विकल्प खोज्न नहुने बताए । उनले भने, 'संकटको बेलामा नेतृत्व जोगाउनुपर्छ । संरक्षण गर्नुपर्छ ।'

उपमहासचिव भट्टले ओलीको प्रतिरक्षा गर्दै यदि राजीनामा दिनु परे ६० वर्षमाथिका सबै नेताले पदबाट राजीनामा दिनुपर्ने बताए । पार्टी रूपान्तरणका लागि पुनर्गठन गर्नुपर्ने भन्दै ओलीको विकल्प खोजेका नेताहरूलाई उनले भने, 'पार्टी रूपान्तरण नै गर्ने भए ६० वर्षमाथिका सबै नेताहरू पदमा नबसौं । त्यसो हुँदा पार्टी युवाको हातमा पुग्छ ।'

सचिवालय बैठकमा आज (आइतबार) सचिवहरू शेरधन राई, भानुभक्त ढकाल, राजन भट्टराई र खगराज अधिकारीले आफ्ना धारणा राख्ने छन् । हालसम्म धारणा राखेकामध्ये बहुसंख्यक सचिवालय सदस्य ओलीको विस्थापनको पक्षमा छन् । एमाले सचिवालय बैठकमा उठेको नेतृत्व बहस अब स्थायी कमिटी र केन्द्रीय कमिटीसम्म पुग्ने भएको छ ।

■■■

## गगनको 'पेल्ने...

साथमा उपसभापति विश्वप्रकाश शर्मा पनि थिए । उक्त भेटले दुई पक्षबीच संवादहीनता तोड्यो तर पार्टी एकताबद्ध राख्ने मामिलामा थप प्रगति भएन ।

सभापति थापाले खड्का पक्षका शीर्षस्थ नेताहरूलाई बेवास्ता गर्दै केही कनिष्ठ नेताहरूलाई केन्द्रीय समितिमा मनोनीत गरेपछि कांग्रेस एकताबद्ध रहने माहोल थप बिग्रिएको असन्तुष्ट नेताहरू बताउँछन् । पार्टी एकता विरोधी माहोल बन्दै गएपछि थापापक्षीय नेताहरू पनि गम्भीर चिन्तामा देखिएका छन् ।

थापा नरम भएर असन्तुष्ट खड्कापक्षीय सबै नेतालाई समेटेर महाधिवेशनमा लाने वातावरण निर्माण गर्न तयार भए निश्चितजस्तै देखिएको पार्टी विभाजन रोकिन सक्ने उनीहरूको मत छ । 'उहाँको नेचर पेलेर जाने नै हो । यो संकटपूर्ण अवस्थामा त्यस्तो प्रवृत्ति पार्टी एकता कायम गर्ने मामिलामा घातक हुन्छ,' थापापक्षीय एक जना पूर्वसहमहामन्त्रीले प्रभावसँग भने, 'हामीले उहाँलाई यसरी त चिज बिग्रिन्छ, नम्र भएर सबैलाई मिलाएर लानुपर्छ, त्यसमा सबैको भलो हुन्छ भनेर सुझाव दिएका छौं ।'

देशकै पुरानोमध्येको दल कांग्रेस गत वर्षको पुस अन्तिम साता भएको विशेष महाधिवेशनपछि एकता संकटमा गुज्रिएको छ । सोही विशेष महाधिवेशनले तत्कालीन सभापति शेरबहादुर देउवालाई अपदस्त गरेको थियो । नयाँ सभापतिको रूपमा थापा आएका हुन् । उनले पार्टीलाई एकताबद्ध गर्ने सन्दर्भमा ठोस कदम चाल्न सकेका छैनन् ।

यस्तोमा कांग्रेसको कोशी प्रदेश समितिले शनिबार नै पार्टीलाई एकताबद्ध पार्न सबै पक्षको सार्थक पहल आवश्यक रहेको औंल्याएको छ । खड्कापक्षीय कांग्रेस नेताहरूको गण्डकी प्रदेशस्तरीय भेलाले भने सभापति थापाकै कारण कांग्रेस विभाजनतिर जाने चिन्ता प्रकट गरेको छ ।

■■■

## भिसामा रोक...

भिसा स्थगन हुँदा विगतदेखि नै श्रम अभाव झेलिरहेको क्षेत्रलाई प्रभावित पार्ने जनाइएको छ । यसले जापानको आप्रवासन प्रणालीको कमजोरीलाई उजागर गरेको समाचारमा भनिएको छ । हालको आप्रवासन प्रणाली श्रमबजारको मागभन्दा निश्चित पूर्वानुमानमा भर परेको उल्लेख गरिएको छ । हाल उद्योगीहरूले सरकारलाई कोटा विस्तार गर्न ध्यानाकर्षण गरिरहेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन् ।

एसएसडब्लू भिसा रोकिँदा घरेलु बजारका साथै स्रोत मुलुकमा पनि प्रभाव परेको छ । यस कार्यक्रममा जाँदा श्रमिकहरूले जापान र आफ्नो मुलुक दुवै स्थानमा सीप र भाषा परीक्षण उत्तीर्ण गर्न आवश्यक पार्छ । परीक्षा उत्तीर्ण गरेर भर्ना प्रक्रियामा रहेका तथा सीप सिकिरहेका कामदारहरूले अनिश्चितता सामना गर्नुपरेको छ । पछिल्लो समय सीप सिकेर जापान जानेहरूको संख्या बढेको छ । आ.व. २०८०/८१ मा १३ हजार ८६४ र २०८१/८२ मा २३ हजार ७१ जना नेपाली जापान गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

■■■

## अनुगमनमा...

भएको या फोनमार्फत विभागको कर्मचारी भएको भन्दै धम्की दिएको आशंका लागे विभागमा सम्पर्क गर्न भनिएको छ ।

पछिल्लो समय केही व्यक्तिले मन्त्रीले खटाएको, राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यकर्ता आदि भन्दै अनुगमनका नाममा व्यवसायीहरूबाट पैसासमेत उठाएको चर्चा छ । यही समस्यालाई मध्यनजर गर्दै विभागले व्यवसायीलाई सजग गराएको हो ।

---

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
### सार्वजनिक सूचना
**प्रकाशित मिति : २०८३/०२/१०**

नेपाल सरकारबाट वैदेशिक रोजगार संचालन गर्न ईजाजत प्राप्त संस्था International Trade Links Recruitment Pvt. Ltd. (ई.प.नं. 85/053/54) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको यस विभागको मिति २०८३/०२/०८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. माया धताने बस्नेत - ५५००० कित्ता<br>२. राम बहादुर वि.क. - ४५००० | १. माया धताने बस्नेत - १००००० कित्ता |

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना
**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/१० गते**

यस कम्पनीको मिति २०८३/०१/२३ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **डि.बि.एम इन्भेस्टमेन्ट** (दर्ता नं. ३३७१६९) को नाममा रहेको चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **स्वस्ति भेन्चर्स प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

---

### काठ शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रीको (१५ पन्ध्र) दिने सूचना
*दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/१० गते*

फुलबारी नमुना सा.व.उ.स., माई न.पा.७ र ८ इलामको वनबाट गत आ.व.हरूमा उत्पादन भई समुहको घाटगढीमा लट बनाई राखिएका काठहरू डि.व.का.इलामको लिलाम सहमती अनुसार साल गोलिया थान ५४ को ६९६.८६ क्यु.फि.र अन्यजात गोलिया थान ३७ को ६६५.५८ क्यू.फि.काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेगरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री फुलबारी नमुना सा.व.उ.स.**
**माई न.पा.७ र ८, इलाम**

---

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/१०/२१ मा दर्ता भएको **प्रा.लि. नं. ३२८७५८** को **बनेपा ग्लोबल स्टडी कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८३/०२/०९ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७८/०४/२१ मा दर्ता भएको **प्रा. लि. नं. २६६९५७** को **अनिला कृषि फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### कतारमा रोजगार
**कम्पनी : Azaco Trading Contracting And Services**
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342512 | चलानी नं. ६०२५५८२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Pourer, Metal Castings | 3 | 0 | 1100 | ४६.०३८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 5 | 0 | 2500 | १०४.६३३ | | | | | | | |
| 3 | General Builder | 4 | 0 | 1100 | ४६.०३८ | | | | | | | |
| 4 | Representative | 4 | 0 | 2500 | १०४.६३३ | | | | | | | |
| 5 | SECRATERY | 0 | 2 | 1500 | ६२.७८० | | | | | | | |
| 6 | Skilled Cleaners | 7 | 7 | 1100 | ४६.०३८ | | | | | | | |
| 7 | Supervisor | 1 | 0 | 2500 | १०४.६३३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, काठमाडौमा मितिः २०८३ जेठ १७ गते (31th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५
**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

---

### मोटरसाइकल हरायो

मिति २०८३/०१/१३ गते १६:४४ बजेको समयमा का.जि. रोखा न.पा ३ दलमल पुलमा पार्किङ गरेको अवस्थामा कालो/रातो रंगको बजाज कम्पनीको बा प्र ०२-०२५ प १० ९८ नम्बरको Pulsar 220 मोटरसाइकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**सवारी धनीः सुजन केशी**
**च्यासिसनं.: D2A13EX7MCL800**
**इन्जिन नं.: DKXCML60726**
**ठेगानाः दुप्चेश्वर गा.पा.४,नुवाकोट**
**सम्पर्क नं.: 9744385191**

---

### युएइमा रोजगार
**कम्पनी : ROYAL FOR EMPLOYMENT SERVICES**
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | पून विज्ञापन स्वीकृति मिति : २०८१/०७/१० | LT. No. 339785 | चलानी नं. ६०२२५८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 900 | ३७,५०४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Masons | 50 | 0 | 1200 | ५०,००६ | | | | | | | |
| 3 | General Const. Carpenter | 50 | 0 | 1200 | ५०,००६ | | | | | | | |
| 4 | Repairing Balding/steel Fixer | 50 | 0 | 1200 | ५०,००६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १७ गते (31st May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9801797200, 9808046424, 9819844263, Deep jtoti 980-1671085 E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np

---

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/२१ मा दर्ता कायम भएको **ओजस्वी एकता ग्रुप प्रा.लि. (प्रा.लि.नं. २५८०५०/२०७७/०७८)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०२/०१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**खारेजीकर्ता (लिक्विडेटर) श्री श्रवण कुमार श्रेष्ठ**
**(इजाजत पत्र नं. ४०४), फोन नम्बर (९८५१२१७००४)**

---

### रिलायन्स फाइनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना
(प्रकाशित मितिः २०८३/०२/१०)

ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका वडा नं. २३ बस्ने शमा राजभण्डारीको श्रीमान श्याम कृष्ण श्रेष्ठ मिति २०७८/०६/२२ गते मृत्यु भएकोले निजको नाममा यस संस्थामा रहेको संयुक्त खाता नं. १०१११०२००००८४१ बन्द गरी उक्त बचत खातामा रहेको रकम हामी निवेदकहरुलाई पाउं भनी मृतकको श्रीमती शमा राजभण्डारी र खातावाला दाजु ओम कृष्ण श्रेष्ठ संयुक्त निबेदन दिनु भएको हुँदां उक्त बचत खाता उपर निजहरु बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

---

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १० जेठ, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर मिल्न सक्छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **वृष** | कार्य क्षेत्रमा प्रशंसा मिल्ने दिन छ । रोकिएका काम अघि बढ्नेछन् । |
| **मिथुन** | आज यात्रा वा नयाँ भेटघाटको सम्भावना छ । बोलीमा संयम राख्नु राम्रो । |
| **कर्कट** | मन अलि संवेदनशील बन्न सक्छ । आर्थिक पक्ष भने क्रमशः सुधार हुँदै जानेछ । |
| **सिंह** | नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ । |
| **कन्या** | कामको चाप बढे पनि परिणाम राम्रो आउनेछ । आफन्तसँगको सम्बन्ध सुदृढ बन्नेछ । |
| **तुला** | नयाँ योजना सफल हुने संकेत छ । रमाइलो यात्राको योग छ । |
| **वृश्चिक** | विवादबाट टाढा रहनु राम्रो । मेहनत अनुसार उपलब्धि प्राप्त हुनेछ । |
| **धनु** | भाग्यले साथ दिने दिन छ । शिक्षाक्षेत्र तथा वैदेशिक काममा सफलता मिल्न सक्छ । |
| **मकर** | आर्थिक लाभको सम्भावना छ । पुराना समस्या समाधान हुन सक्छन् । |
| **कुम्भ** | आज सिर्जनात्मक काममा सफलता मिल्नेछ । साथीभाइसँग भेटघाट रमाइलो हुनेछ । |
| **मीन** | धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । नयाँ अवसर प्राप्त हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक
१० जेठ, २०८३ (२४ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.६२ | १५५.२२ |
| युरो | १ को | १७९.३१ | १८०.०१ |
| पाउन्ड स्टिर्लङ | १ को | २०७.१४ | २०७.९४ |
| स्विस फ्रैन्क | १ को | १९५.६२ | १९६.३८ |
| अस्ट्रेलियन डलर | १ को | ११०.१६ | ११०.५९ |
| क्यानाडियन डलर | १ को | ११२.३२ | ११२.७६ |
| सिङ्गापुर डलर | १ को | १२०.७४ | १२१.२१ |
| जापानी येन | १० को | ९.७२ | ९.७६ |
| चिनियाँ युआन | १ को | २२.७३ | २२.८२ |
| साउदी अरब रियाल | १ को | ४१.२० | ४१.३६ |
| कतारी रियाल | १ को | ४२.४२ | ४२.५८ |
| थाई भाट | ख १ को | ४.७३ | ४.७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४२.१० | ४२.२६ |
| मलेसियन रिङ्गेट | १ को | ३८.९५ | ३९.१० |
| दक्षिण कोरियन वन | १०० को | १०.२७ | १०.३१ |
| स्विडिस क्रोनर | १ को | १६.४६ | १६.५२ |
| डेनिस क्रोनर | १ को | २३.९९ | २४.०९ |
| हङकङ डलर | १ को | १९.७४ | १९.८१ |
| कुवेती दिनार | १ को | ५०३.९८ | ५०५.९३ |
| बहराइन दिनार | १ को | ४१०.०५ | ४११.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**बत्ती बाल्दै भक्तजन** | काठमाडौंको टेबहाल न्युरोडस्थित संकटा मन्दिरमा शनिबार पूजाअर्चना गर्न आएका भक्तजन बत्ती बाल्दै । *तस्बिरः रासस*

# 'कान्स फिल्म फेस्टिभलमा नेपालको उपस्थिति गौरवपूर्ण'



**काठमाडौं–** काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले यस वर्ष 'कान्स फिल्म फेस्टिभल'मा नेपालको उपस्थिति नेपालीले गौरव गर्ने स्तरमा पुगेको बताएकी छन् ।

फेस्टिभलमा भाग लिएर स्वदेश फर्किएपछि शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उनले, फेस्टिभलमा अविनाशविक्रम शाहले निर्देशन गरेको नेपाली चलचित्र 'इलिफेन्ट इन द फग (तिनीहरू)'ले अनसर्टेन रिगार्ड विधामा 'जुरी प्राइज' प्राप्त गर्नुले नेपाली चलचित्र तथा रचनात्मक उद्योग र कला क्षेत्रको उचाइ अझ अग्लिएको उनले बताइन् ।

'नेपाली चलचित्र वर्ल्ड प्रिमियर हुँदा कलाकारसँगै बसेर चलचित्र हेर्दा गौरव अनुभूति भयो । चलचित्रले लगातार सात मिनेटसम्म 'स्टयाण्डिङ ओभेसन' (लगातार ताली) प्राप्त गरेको थियो। सबै दर्शक 'इमोसनल' हुनुभएको थियो,' प्रिमियरको कुरा सुनाउँदै उनले भनिन्, 'फेस्टिभलको इतिहासमा नेपाली चलचित्रलाई प्राप्त भएको यो पहिलो अवसर फुटबलप्रेमीहरूका लागि विश्वकपमा जितेजत्तिकै महत्त्वपूर्ण र ऐतिहासिक बन्यो । यो स्थान हासिल गर्नका लागि अथक प्रयत्न गर्नुपर्दा अगाडिका कलाकार र पर्दा पछाडि निर्माण तथा सिर्जनामा काम गर्ने सबैप्रति हामी आभार र कृतज्ञता प्रदान गर्न चाहन्छौं ।'

महोत्सवमा सम्बन्धका विषयमा उनले भनिन्, 'कामपाले आयोजना गर्ने फिल्म फेस्टिभलको विषय कान्स महोत्सवमार्फत अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउनु, चलचित्र विधाका नगरहरूकाबीचमा आपसी सम्बन्ध, सिकाइ तथा प्राविधिक क्षमता आदानप्रदानको विषय प्रवेश हुनु हामी सबैका लागि सुखद कुरा हो । अन्तर्राष्ट्रियस्तरको ज्ञान, सीप र अनुभवको उपयोग तथा फिल्म महोत्सवमार्फत हामी रचनात्मक उद्योगसँग सम्बन्धित क्षेत्रको सन्तुलित विकास गराउन चाहन्छौं ।'

फ्रान्सको कान्स नगरका प्रमुख डेभिड लिसनार्डको निमन्त्रणा गएको आइतबार फ्रान्स प्रस्थान गर्नुभएकी डंगोलले लिसनार्डलाई काठमाडौं चलचित्र महोत्सवमा सहभागी हुन निमन्त्रणा दिएकी छन् । फेस्टिभलमा चलचित्र उत्पादनसँग सम्बन्धित प्रविधि र प्राविधिक स्थलको अवलोकन, यी विषयमा नगरका प्रमुखहरू तथा रचनात्मक उद्योग क्षेत्रका अधिकारीहरूसँग आपसी सिकाइ, भोगाइ तथा अनुभव आदानप्रदान भएको थियो । चलचित्रबाट गीत, संगीत, साहित्य, फेसन, खाना कला, शैली र शिल्पलाई रचनात्मक उद्योगमा विकसित गर्ने सम्भावनाका विषयमा कुराकानी भएको थियो । स्थानीय समुदायदेखि अन्तरराष्ट्रिय चलचित्रलाई सिर्जनात्मक उद्योगमा जोड्ने, शिक्षा तथा प्राज्ञिक क्षेत्र, पेसाकर्मीको सहभागिता, आपसी सीप हितका विषय भेट र छलफलमा समेटिएका थिए । कान्स र काठमाडौं दुवै संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक संगठन (युनेस्को)को 'क्रिएटिभ सिटी'को चलचित्र विधाका सदस्य नगर हुन् । *रासस*

नक्कली डाक्टरलाई मेडिकल काउन्सिलको निर्देशन-

# कानुनविपरीत प्रयोग गरिएका 'डाक्टर' शब्द १५ दिनभित्र हटाउनू

**काठमाडौं (प्रस)–** नेपाल मेडिकल काउन्सिलले आफ्नो नामका अगाडि कानुनविपरीत रूपमा प्रयोग गरिएको 'डाक्टर' (डा.) शब्द हटाउन निर्देशन दिएको छ । काउन्सिलका निमित्त रजिस्ट्रार डा. दीपेन्द्र पाण्डेले जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्ने गरेको पाइएकाले बताउँदै उक्त 'डाक्टर' शब्द १५ दिनभित्र हटाउन आग्रह गरे ।

काउन्सिलमा दर्ता भएका चिकित्सक तथा आफ्नो विधागत परिषद् ऐनद्वारा चिकित्सक उपाधि प्राप्त गरेकाबाहेक अन्य सम्बन्धित परिषद्मा दर्ता रहेका वा नरहेका जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि अवैध वा नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्न नपाइने उनले बताए ।

काउन्सिलले नेपालमा आधुनिक चिकित्सा प्रणालीअन्तर्गत बिरामीको उपचार गर्ने, परामर्श दिन र नामको अगाडि डाक्टर/चिकित्सक पद प्रयोग गर्ने कानुनी अधिकार नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम काउन्सिलमा दर्ता भएका चिकित्सकमामात्र रहेको उनले जानकारी दिए ।




उनले आधिकारिक कागजपत्र, प्रेस्क्रिप्सन प्याड, क्लिनिकको साइनबोर्ड, भिजिटिङ कार्ड तथा सबै सामाजिक सञ्जालबाट त्यस्ता अवैध वा नियमविपरीत डाक्टर लेख्नेलाई तत्काल हटाउन निर्देशन दिएका हुन् ।

काउन्सिलले काउन्सिलमा दर्ता भएका चिकित्सकबाहेक अन्य जुनसुकै विधा वा परिषद्मा दर्ता भएका वा नभएका व्यक्तिका नामको अगाडि डाक्टर (डा.) उपाधि प्रयोग गरी आधुनिक चिकित्साको भ्रम सिर्जना गरेमा वा आधुनिक औषधि सिफारिस गरेको पाइएमा काउन्सिलको ऐनबमोजिम तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँ जरिवाना तिर्नुपर्ने उल्लेख छ ।

काउन्सिलले स्वदेश वा विदेशका विभिन्न विश्वविद्यालयबाट प्रमाणपत्रमा 'डाक्टर' शब्द उल्लेख भई शैक्षिक उपाधि प्राप्त गर्नुको अर्थ स्वतन्त्ररूपमा चिकित्सीय अभ्यास गर्ने अनुमति स्वतः प्राप्त नभएको बताएको छ ।

# 'गाभी'को उच्चस्तरीय टोलीसँग स्वास्थ्यमन्त्री मेहताको छलफल




**काठमाडौं–** स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले नेपालमा खोपको प्रभावकारी उपलब्धताका बारेमा 'खोपका लागि ग्लोबल एलायन्स' (गाभी)का उच्चस्तरिय टोलीसँग छलफल गरेकी छन् ।

स्विट्जरल्याण्डको जेनेभामा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को ७९औं विश्व स्वास्थ्यसभामा भाग लिनेक्रममा गाभीका उच्चस्तरीय टोलीसँगको छलफलमा उनले संक्रमणकालमा खोप कार्यक्रमलाई प्रभावित हुन नदिन गाभीसँगको निरन्तर सहयोग अपरिहार्य रहेको बताएकी छन् ।

उनले नेपालको सार्वजनिक स्वास्थ्य खर्च अझै पनि कूल गार्हस्थ उत्पादनको करिब पाँच प्रतिशतको हाराहारीमामात्र सीमित रहेको अवस्थामा गाभीसँगको निरन्तर सहयोग र घनिष्ठ समन्वय अपरिहार्य रहेको बताएको मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले बताए ।

मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको स्तरोन्नतिसँगै अन्तर्राष्ट्रिय अनुदानको ढाँचा परिवर्तन हुने र खोप खरिदमा नेपालले आफ्नै आन्तरिक लगानी क्रमशः बढाउँदै लगेर अन्ततः आफैं सक्षम हुनुपर्ने अवस्था रहेको बताइन् ।

छलफलमा पारस्परिक सहकार्यलाई निरन्तरता दिने र संक्रमणकालीन वित्तीय व्यवस्थापनलाई अवरोध नहुने विषयमा सहमति भएको मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले जानकारी दिए । बैठकले नेपालको राष्ट्रिय स्वास्थ्य प्रणालीलाई थप मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने मन्त्री मेहताले बताएको उनले जानकारी दिए ।

आर्थिक स्तरोन्नतिको समयमा पनि जीवनरक्षक स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्न र दुई दशकभन्दा लामो नेपाल र गाभीबीचको साझेदारीलाई अझ विस्तार गर्न छलफलमा दुवै पक्ष प्रतिबद्ध देखिएको थियो । दुई पक्षको सहकार्यले समग्र नेपाली जनताको स्वास्थ्य र भलाइमा दीर्घकालीन योगदान पुऱ्याउने सुनिश्चित गरेको मन्त्री मेहताले उल्लेख गरेको मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले बताए ।

गाभीले सन् २००० यता नेपालको राष्ट्रिय खोप कार्यक्रमको एक प्रमुख साझेदार रहँदै आएको छ। सन् २०२५ मा नेपालले हासिल गरेको 'रुबेला निवारण' लगायत एचपिभी र अन्य जीवनरक्षक खोपको सफल विस्तारमा गाभीको महत्त्वपूर्ण प्राविधिक तथा वित्तीय भूमिका रहेको मन्त्री मेहताले उल्लेख गरेकी छन् । 'आगामी सन् २०२६ नोभेम्बरमा नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने संघारमा रहेको परिप्रेक्ष्यमा यो वार्ताले विशेष रणनीतिक महत्त्व राख्दछ,' मन्त्री मेहताले भनेकी छन् ।

यही जेठ ३ गते सभामा सहभागी हुन गएकी मन्त्री मेहताले विभिन्न देशबाट आएका आफ्ना समकक्षी, दातृ निकायका प्रमुखसँग 'साइडलाइन' वार्ता गरिरहेकी छन् । *रासस*

# नागढुंगादेखि कलंकीसम्मको मुख्य सडकमा सिसी क्यामरा जडान गरिने

**काठमाडौं–** काठमाडौंको चन्द्रागिरि नगरपालिकामा सिसी क्यामरा जडान गर्न नगरपालिका र नेपाल प्रहरीबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । काठमाडौं उपत्यकाको प्रमुख प्रवेशद्वार मानिने चन्द्रागिरि नागढुंगादेखि कलंकीसम्मको मुख्य सडक तथा वडा कार्यालय जाने बाटोमा सिसी क्यामरा जडान गर्न बिहीबार नगरपालिका र नेपाल प्रहरीबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो । नगरपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन सिसी क्यामरा जडान गर्न लागिएको हो ।

उक्त समझदारीमा नगरपालिकाका प्रमुख घनश्याम गिरी र काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्कीले हस्ताक्षर गरे । नगरप्रमुख गिरीले काठमाडौं उपत्यका भित्रिने सबैभन्दा ठूलो र मुख्य नाका नागढुंगा चन्द्रागिरि नगरपालिकामा पर्ने भएकाले यस क्षेत्रको शान्ति सुरक्षालाई प्रभावकारी र प्रविधिमैत्री बनाउन प्रहरीसँग सहकार्य गरिएको बताए । उनले सिसिटिभी जडानपछि आपराधिक गतिविधि नियन्त्रण र ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले सुरक्षा व्यवस्थालाई मजबुत बनाउन नागरिक र स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गरे । 'सुरक्षा सबैको सामूहिक प्रयासबाट मात्र सम्भव हुन्छ, स्थानीय सरकारले सुरक्षाको क्षेत्रमा गरेको यो लगानीको हामी उच्च कदर गर्दछौं र समस्या समाधानमा प्रहरीको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दछु,' उनले भने ।

हाल चन्द्रागिरि नगरपालिकाभित्र झण्डै ४०० सिसी क्यामरा जडान गरिएका छन् । नगरपालिकाका प्रवक्ता कृष्णप्रसाद खड्गीले नगरपालिकाभित्र जडान गरिएका क्यामराको संख्या थप गरी एक हजार ५०० पुऱ्याइनुका साथै नगरभित्रको सुरक्षा गर्ने लक्ष्यका साथ सिसि क्यामेरा जडान गर्न नेपाल प्रहरीसँग सम्झौता गरिएको बताए । *रासस*


## गैर बैकिङ्ग सम्पति लिलाम बिक्रि सम्बन्धी पूनः ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८३/०२/१०)**

यस बैंकको नाममा रहेको तपशिलको गैर बैकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा विक्रि गरिने भएको हुँदा खरिद गरि लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सूचना प्रकाशित मितिले ७ दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा आईपुग्ने गरि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**तपशिल**

| जग्गा धनीको नाम | जिल्ला | न.पा./गा.पा | वडा नं/सिट नं | कित्ता नं | क्षेत्रफल/व.मी. | कैफियत | सम्पर्क शाखा कार्यालय |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लि. | सुनसरी | ईटहरी उ.म.न.पा. | ३/३च | ४५२ | ०-०-९.७५-० | जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | धरान, सुनसरी |
| राष्ट्रिय सहकारी बैंक लि. | | | ३/३ज | ९९६ | ०-५-९.५-० | | |
| राष्ट्रिय सहकारी बैंक लि. | | | ५/५च | १२७१ | ०-०-१०.५-० | | |

**गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रिको शर्त तथा बन्देजहरु**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा Kumari Bank Ltd. पुतलीशडक, काठमाण्डौमा रहेको खाता नं. **००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सुचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन र धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाईने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) लिलाम सूचना प्रकाशित मितिले ७ दिनभित्र बोलपत्र सम्बधित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय धरान वा केन्द्रिय कार्यालयमा दिनको ३ बजे बोलपत्र खोलिने छ ।

(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(११) बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विश्वविद्यालयको साख फर्काउने अवसर

त्रिभुवन विश्वविद्यालयसहित विभिन्न आठ विश्वविद्यालयका रिक्त उपकुलपति पदपूर्ति यसपटक खुला प्रतियागितामार्फत गरिँदै छ । विगतमा राजनीतिक पहुँचका आधारमा नियुक्त हुँदै आएको उपकुलपति खुला प्रतिस्पर्धामार्फत चयन हुनु नेपालको उच्च शिक्षा क्षेत्रका लागि एक सकारात्मक र प्रतीक्षित कदम हो। हाल उक्त पदका लागि प्राप्त आवेदनमाथि छनोट तथा सिफारिस समितिले छानबिन र अध्ययन गरिरहेको छ।

खुला प्रतिस्पर्धामार्फत नेतृत्व चयन गर्ने यो प्रक्रिया आफैंमा स्वागतयोग्य छ। २१८ जना आकांक्षीको आवेदन पर्नुले मुलुकभित्र प्राज्ञिक र प्रशासनिक नेतृत्व लिन योग्य व्यक्तिहरूको कमी नरहेको स्पष्ट पार्छ । अबको मुख्य चुनौती भनेको प्राप्त आवेदनहरूमध्येबाट कुनै पनि दबाब वा प्रभावमा नपरी पूर्णरूपमा पारदर्शी र निष्पक्ष ढंगले सबैभन्दा क्षमतावान् र योग्य व्यक्तिलाई छनोट गर्नु हो ।

विगत लामो समयदेखि नेपालका विश्वविद्यालयहरू राजनीतिक भागबण्डा र अति राजनीतिकरणको दुष्चक्रमा फस्दै आएका छन् । दलीय आबद्धताका आधारमा पदाधिकारी नियुक्त गरिने गलत परिपाटीले गर्दा हाम्रा उच्च शैक्षिक संस्थाहरू प्राज्ञिक थलोभन्दा बढी राजनीतिक क्रिडास्थलमा परिणत भए । जसका कारण विश्वविद्यालयहरूको साख खस्कियो, गुणस्तर खस्कियो र सुधारका प्रयासहरू ठप्प भए । खुला प्रतिस्पर्धामार्फत आउने नयाँ उपकुलपतिमा यो स्थापित दलीय सिण्डिकेट र राजनीतिकरणको जालोलाई चिर्ने दृढ इच्छाशक्ति र योग्यता हुन जरुरी छ । नयाँ नेतृत्व दलीय स्वार्थभन्दा माथि उठेर केवल संस्थागत सुधार र प्राज्ञिक उन्नयनका लागि प्रतिवद्ध हुनुपर्छ ।

आज हाम्रा विश्वविद्यालयहरू गम्भीर संकटबाट गुज्रिरहेका छन् । मुलुकको शिक्षा प्रणाली र विश्वविद्यालयहरूले समयसापेक्षरूपमा पाठ्यक्रममा सुधार र परिमार्जन गर्न नसक्दा लाखौं युवा विद्यार्थीहरू उच्च शिक्षाका लागि विदेश पलायन भइरहेका छन् । बजारको माग र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलका प्राविधिक तथा व्यावहारिक शिक्षाको अभावले विद्यार्थीमा स्वदेशी डिग्रीप्रति वितृष्णा जागेको छ । यो भयावह पलायनलाई रोक्न अब ढिलो भइसकेको छ । विश्वविद्यालयहरूलाई पूर्ण प्राज्ञिक थलोको रूपमा विकास गर्दै स्वदेशमै गुणस्तरीय र रोजगारीमूलक शिक्षा पाउने वातावरण निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । नयाँ नेतृत्वले केवल प्रशासनिक काम गर्नेमात्र होइन, बरु विदेशी विद्यार्थीहरूलाई समेत आकर्षित गर्न सक्नेगरी अन्तर्राष्ट्रियस्तरको शिक्षण र अनुसन्धानको वातावरण तयार पार्नुपर्छ ।

यसै सन्दर्भमा, विश्वविद्यालयको संरचनात्मक नेतृत्वको बहस पनि उत्तिकै पेचिलो बनेको छ । वर्तमान वालेन्द्र शाह नेतृत्वको सरकारले विगतमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था हटाउने र विश्वविद्यालयहरूलाई राजनीतिक कार्यकारीको नियन्त्रणबाट मुक्त गर्ने आश्वासन दिएको थियो । तर, व्यवहारमा फेरि पनि प्रधानमन्त्रीकै भूमिका र प्रभाव थप बढाउनेगरी चालिएका कदमहरू विरोधाभासपूर्ण देखिन्छन् । विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपबाट टाढा राख्न स्वायत्तता दिनुको सट्टा प्रधानमन्त्री वा मन्त्रीको भूमिका थप बलियो बनाउनु कुनै पनि दृष्टिकोणबाट न्यायसंगत हुन सक्दैन ।

उपकुलपति छनोटको यो प्रक्रिया नेपालको उच्च शिक्षालाई पुनर्जीवन दिने एउटा ऐतिहासिक अवसर हो। सिफारिस समितिले कुनै पनि राजनीतिक दल वा शक्तिको प्रभावमा नपरी विशुद्ध योग्यता, भिजन र कार्ययोजनाका आधारमा उत्कृष्ट उम्मेदवार छनोट गर्नुपर्छ । विश्वविद्यालयलाई दलीय राजनीतिबाट मुक्त गरी ज्ञान, अनुसन्धान र नवप्रवर्तनको केन्द्र बनाउन सकेमात्र विद्यार्थी पलायन रोकिने छ ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ। आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ। यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ।

# हण्टा भाइरस संक्रमण र विपद्को जोखिम



डा. प्रकाश बुढाथोकी

> नेपालमा हालसम्म हाण्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन । नेपालमा दैनिक चार-पाँच दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्यांक छन् । एसियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरुको आवातजावत उल्लेख्य छ । तर आवतजावत गर्ने व्यक्तिहरुको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै ।

नेदरल्याण्ड अर्थात् डच कम्पनीको एमभी होण्डियस नामक जहाज जुन अप्रिल १ मा अर्जेण्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए ।

उक्त क्रुजशिपमा हण्टा भाइरसको एण्डिस स्ट्रेन फैलिएपछि दुई डच नागरिकसहित तीन जनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित संक्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो । जहाजबाट बीचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रुको र उनीहरूको सम्पर्कमा आएकालाई 'कण्टचाक्ट ट्रेसिङ' खोजी कार्य आज पनि जारी छ । यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेण्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन् । विश्व स्वास्थ्य संगठनलेसमेत जोखिमलाई कम तर सचेतनालाई गम्भीररूपमा स्टेज चारमा लिँदै अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ ।

विश्व स्वास्थ्य संगठनले आधिकारिकरूपमा बेलायत, अमेरिका, क्यानाडा, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, सिंगापुर र टर्कीलगायत १२ देशलाई सतर्क गराएको छ। जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्यु भएको थियो । सुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युपछि संक्रमित भएको पुष्टि भएको थियो । जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनका अनुसार गत अप्रिल २४ मा सेण्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए । ती दम्पतीमध्ये श्रीमान्को जहाजमै मृत्यु भएको थियो भने पछि श्रीमतीको पनि मृत्यु भयो । जहाजबाट ओर्लिएपछि जोहानेसवर्गमा एक संक्रमितको मृत्यु, स्विटजरल्याण्डमा अर्को पुष्टि भएपछि मात्र हाण्टा भाइरस भएको पुष्टि भएको हो । जहाजमा नभएकी एक महिलामासमेत शंकास्पद लक्षणहरू देखिएको छ र उनको परीक्षण गरिएको छ। क्यानाडामासमेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा संक्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आइसोलेसनमा राखिएको छ ।

## अर्को कोभिड त होइन हाण्टा भाइरस ?

हाण्टा भाइरस ब्रुन्याभिरिडी परिवारअन्तर्गत पर्ने २० भन्दा बढी भाइरसहरूको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलोपटक यो भाइरस पहिचान गरिएको थियो। अर्थोहाण्टा भाइरस जेनस, हण्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हाण्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन् ।

सामान्यतया संक्रमित मुसा तथा अन्य रोडेण्टहरूको पिसाब, दिसा वा र्‍यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ । यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकाले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ। लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाइँ तथा संक्रमित व्यक्तिको शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ । धेरैजसो भेरियण्ट मानिसमा सजिलै सर्दैनन् । सर्ने भेरियण्ट पनि कोभिड-१९ जस्तै तीव्ररूपमा हावाबाट फैलिने प्रकृतिको होइन ।

सन् २०२३ मा युरोपियन क्षेत्रमा हाण्टा भाइरस संक्रमणबाट एचएफआरएस भएका एक हजार ८८५ केस अर्थात् प्रतिएक लाखमा ०.४ केसमात्र रिपोर्ट भएका थिए । पूर्वी एसियाका चीन र कोरियामा हरेक वर्ष हजारौं केस रिपोर्ट हुने गर्छन् । सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हाण्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ । अमेरिकामा हाण्टा भाइरस संक्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टि भएका छन् । मानिसबाट मानिसमा संक्रमण भएको घटना दक्षिण अमेरिकामामात्र देखिएको छ, जहाँ २०१८-२०१९ मा भएको प्रकोपमा ३४ जना संक्रमित हुँदा ११ जनाको मृत्यु भएको थियो ।

## के कस्ता लक्षण हुन्छन् ?

अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस संक्रमणका जोखिम समूहमा पर्छन् । उनीहरूमा सजिलै संक्रमण हुने, संक्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ। वातावरणीय तथा इकोलोजिकल कारकहरूले रोडेण्टको संख्यामा असर पार्ने भएकाले संक्रमणको संख्या तथा प्रकोपमासमेत प्रभाव पर्छ ।

हाण्टाको एण्डिस भाइरसको दुर्लभ तर प्राथमिक संक्रमण नजिक र लामो समयसम्मको मानिस-मानिस सम्पर्कबाट हुन सक्छ। दोस्रो संक्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन संक्रमणको सुरुआती अवस्थामा बढी संक्रामक हुँदा हुने सम्भावना रहन्छ । संक्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चार हप्ता लाग्छ । छिटोमा एक हप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ। यसले संक्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकाले थप जोखिम बढाएको छ।

यसमा सुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन् । पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा संक्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ।

हाण्टा भाइरस संक्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हाण्टा भाइरस पल्मोनरी सिण्ड्रोम (एचपिएस) र हेमोरेजिक फिभर विथ रिनल सिण्ड्रोम (एचएफआरएस) पर्दछन्। पल्मोनरी सिण्ड्रोममा भाइरसले सीधै फोक्सोमा असर गरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदा भई बिरामीको मृत्यु हुन सक्छ। हेमोरेजिक फिभर विथ रिनल सिण्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ । भेरियण्टअनुसार लक्षण तथा चिह्न फरक पर्न सक्छ । हाण्टा भाइरसका भेरियण्टमध्ये एण्डिस स्ट्रेनमात्र मानिसबाट मानिसमा सर्ने भेरियण्ट हो। यो चिली र अर्जेण्टिनामा समय-समयमा फैलिने गरेको छ।

## निदानका उपायहरु के हुन सक्छन् ?

शंकास्पद अवस्थाः संक्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शंकास्पद वा संक्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडिभी संक्रमणका शंकास्पद लक्षण भएका व्यक्ति।

सम्भावित अवस्थाः शंकास्पद अवस्थाका लक्षण तथा चिह्न भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, संक्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति । पुष्टि भएको अवस्थाः आरटी-पिसिआर वा सेरोलोजी परीक्षणबाट एएनडिभी संक्रमण पुष्टि भएको व्यक्ति।

समस्या नदेखिएको अवस्थाः शंकास्पद वा सम्भावित भए पनि आरटी-पिसिआर वा सेरोलोजी परीक्षणमा एएनडिभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम् ओथारो अवधि पार गरिसकेको व्यक्ति ।

## उपचार कसरी हुनसक्छ ?

हाण्टा भाइरस संक्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एण्टिभाइरल उपचार उपलब्ध छैन । संक्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचारमात्र गरिन्छ। अफवाह तथा सामाजिक सञ्जालका भ्रममा परी अनावश्यक आतंकित हुने वा गराउने काम गर्नु हुँदैन । सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामामात्र विश्वास गर्नुपर्छ।

रोडेण्टबाट सर्ने रोगहरू, स्क्रब टाइफसलगायतका रोगहरूको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ। यसले भविष्यमा हुन सक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ। व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकाले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ। घर तथा वरपरको वातावरण सफा राख्ने, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफा गर्दा पिपिई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ।

साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शंकास्पद वा सम्भावित संक्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोग गर्नु आवश्यक छ । रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई बढावा दिनुपर्छ । ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।

## नेपालको तयारी कस्तो छ ?

नेपालमा हालसम्म हाण्टा भाइरस संक्रमण पुष्टि भएको आधिकारिक तथ्यांक छैन । तथापि, अमेरिकाको सिसिडीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमण गरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि हाण्टा भाइरस पुष्टि भएको थियो। उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए।

एण्डिस भाइरसबाट संक्रमित मुसा नेपालमा नपाइने, हाल संक्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ। नेपालमा हालसम्म हाण्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन । नेपालमा दैनिक चार-पाँच दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्यांक छन्। एसियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरूको आवातजावत उल्लेख्य छ । तर आवतजावत गर्ने व्यक्तिहरूको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै।

नेपालमै हाण्टा भाइरस निदान गर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन। परीक्षणका लागि किट नेपालमै ल्याउने वा नमूना विदेश पठाएर परीक्षण गर्ने भन्ने विषयमासमेत स्पष्ट निर्णय भइसकेको छैन। त्यसैले सरकार जोखिम नभएको भन्दै प्रचारप्रसारमामात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ। *रासस*

*(लेखक वीर अस्पतालमा मुख तथा दन्त सर्जन प्रमुख हुन्)*

## पाठक मञ्च

# श्रमिकमैत्री बनोस् आगामी बजेट

सरकारले भर्खरै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। विगतका वर्षहरूमा जस्तै यसपटक पनि नीति तथा कार्यक्रममा 'वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइने छ' तथा 'बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरिने छ' भन्ने आकर्षक र कर्णप्रिय वाक्यांशहरू दोहोरिएका छन्। सुन्दा निकै मीठा लाग्ने यी नाराहरू विगत एक दशकदेखि हरेक वर्षको सरकारी दस्तावेजमा एउटै शैलीमा छापिँदै आएका छन्। तर, व्यवहारमा भने न त देशभित्र रोजगारीका अवसरहरू सिर्जना हुन सकेका छन्, न विदेश जाने श्रमिकहरूको शोषण र सास्ती नै कम भएको छ । तसर्थ, आगामी जेठ १५ गते आउन लागेको बजेट भाषण केवल विगतकै नीतिहरूको निरन्तरता वा 'बिरालो बाँधेर श्राद्ध गर्ने' परम्परामात्र नबनोस्, बरु पूर्णरूपमा श्रमिकमैत्री र परिणाममुखी आओस् भनी यो पत्रमार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

तथ्यांकलाई मात्र हेर्ने हो भने पनि सरकारको नारा र भुइँतहको यथार्थबीच कति ठूलो खाडल छ भन्ने प्रस्ट हुन्छ । आर्थिक वर्ष २०७२/७३ मा करिब साढे छ लाख युवा रोजगारीका लागि परदेसिएका थिए। आज १० वर्षपछि, चालु आर्थिक वर्ष २०८२/८३ को १० महिनामै छ लाख ६१ हजारभन्दा बढी युवाले देश छाडिसकेका छन् । यसले के देखाउँछ भने सरकारले विगतमा घोषणा गरेका सीपमूलक कार्यक्रम, स्वरोजगार योजना र प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता नीतिहरू बालुवामा पानी हालेसरह भएका छन् । देशभित्र बाँच्न पुग्ने आधार नभएपछि युवाहरू दलालदेखि म्यानपावर व्यवसायीसम्मलाई लाखौं रूपैयाँ चर्को ब्याजमा ऋण काढेर बुझाउन र खाडीको ५० डिग्रीको गर्मीमा पसिना बगाउन बाध्य छन्।

विगतका वर्षहरूमा फ्रि भिसा, फ्रि टिकटको नीति ल्याइयो, तर त्यो कागजमै सीमित भयो । वैदेशिक रोजगारीमा जाने कामदारका लागि निःशुल्क बैंक खाता खोल्ने र अभिमुखीकरण तालिम निःशुल्क गर्ने भनियो, तर आज पनि ती कार्यक्रम प्रभावकारी भएका छैनन् । सरकारले आगामी वर्षका लागि 'रोजगार प्रवर्द्धन दशक' घोषणा गरेको छ र विगतमा हटाइएको विमानस्थलको छुट्टै लेन व्यवस्था फेरि ब्युँताउने भनेको समाचारबाट थाहा पाइयो । विडम्बना, यस्ता नीतिहरू किन र कसरी ल्याइन्छन् भन्ने कुरा कार्यान्वयन गर्ने श्रम मन्त्रालयका अधिकारीहरूलाई नै थाहा हुँदैन रहेछ । मन्त्री फेरिनासाथ नीति फेरिने तर श्रमिकको नियति कहिल्यै नफेरिने परिपाटीको अन्त्य अब हुनैपर्छ।

आगामी बजेटले केवल ठूला र सस्तो लोकप्रियताका नाराहरू मात्र बाँड्ने काम नगरोस् । नीति तथा कार्यक्रम एउटा आउने र बजेट अर्कै आउने विगतको विसंगतिलाई यसपटक सुधार गरिनुपर्छ। बजेटले मुख्य गरी तीनवटा क्षेत्रमा ठोस व्यवस्था गर्नुपर्छः

पहिलो, भर्ना प्रक्रियामा हुने चरम आर्थिक शोषण र श्रम शोषणलाई रोक्न कडा नियमनकारी संयन्त्रका लागि बजेट छुट्याइयोस्। म्यानपावर व्यवसायीलाई उत्तरदायी बनाउन र ठगी गर्नेलाई तत्काल कारबाही गर्ने द्रुत न्यायिक प्रणाली स्थापना गरियोस् । दोस्रो, विदेशमा रहेका नियोग र दूतावासका 'हेल्प डेस्क'हरूलाई साधनस्रोत सम्पन्न बनाइयोस् ताकि संकटमा परेका श्रमिकले तत्काल कानुनी र मनोवैज्ञानिक सहायता पाउन सकून्।

तेस्रो, विदेशबाट फर्किएका युवाहरूको डिजिटल 'सीप पासपोर्ट'को अभिलेखीकरण मात्र गरेर पुग्दैन, उनीहरूले सिकेर आएको सीप र प्रविधिलाई स्वदेशमै उपयोग गरी उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा र कर छुटको वास्तविक प्याकेज बजेटले ल्याउनुपर्छ।

हामी स्रोत मुलुक भएकाले हाम्रा श्रमिकको पसिना र रेमिटयान्सले देशको अर्थतन्त्र धानेको छ । तर, तिनै श्रमिक सधैँ राज्यको उपेक्षामा परिरहनु मुलुककै लागि लज्जास्पद विषय हो । जबसम्म बजेटले श्रमिकको भर्ना प्रक्रियामा हुने ठगीलाई जरोदेखि उखेल्ने आँट गर्दैन र स्वदेशमै मर्यादित ज्यालाको ग्यारेन्टी गर्दैन, तबसम्म कुनै पनि नीति सफल हुन सक्दैन । आगामी बजेटले भाषणमामात्र होइन, व्यवहारमै श्रमिकका दुःख बुझोस् र श्रमको सम्मान गर्ने वातावरण निर्माण गरोस्।

**- अर्पण राई**
चण्डोल, काठमाडौं



सडकमा बिस्कुन । रौतहटको चन्द्रपुर नगरपालिका-९ डुमरियाका किसान सडकमा मकै सुकाउँदै । *तस्बिरः रासस*

# सुनसरीमा नेपाली सेनाको एकीकृत विपद् प्रतिकार्य



**धरान (सुनसरी)–** सुनसरीको रामधुनी नगरपालिका-७ स्थित चौसट्ठीबिघा (रास ताल) मा एकीकृत जिल्ला विपद् प्रतिकार्य 'अभ्यास मनसुन-६' सम्पन्न गरेको छ ।

मनसुनको समयमा कोशी प्रदेशमा हुनसक्ने सम्भावित प्राकृतिक विपद्लाई मध्यनजर गर्दै श्री नं २ बाहिनी अड्डाको आयोजनामा सम्पन्न अभ्यासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विभिन्न सरकारी र सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो ।

पूर्वी पृतना हेडक्वार्टर इटहरीका पृतनापति गौरवकुमार केसीले गत वर्ष कोशी प्रदेशका इलाम र झापामा आएको ठूलो बाढीपहिरो तथा कोशी क्षेत्रमा देखिएको जटिल बाढीजन्य अवस्थालाई मध्यनजर गर्दै यस्ता अभ्यास समय समयमा सञ्चालन गर्न आवश्यक रहेको बताए । उनले यस्ता अभ्यासले खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

हालको मनसुनलाई लक्षित गर्दै पूर्वी पृतना हेडक्वार्टर इटहरीमा एउटा हेलिकप्टरसमेत तयारी अवस्थामा राखिएको उनले जानकारी दिए । उनले बाढीपहिरोजस्ता विपद्का समयमा त्यसलाई तत्काल परिचालन गर्न सकिने बताए ।

पृतनापति केसीले विपद् व्यवस्थापनमा स्थानीय समुदायको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै स्थानीयवासीको सक्रिय सहभागिता, क्षमता विकास तथा पूर्वाधार निर्माणमा जोड दिए । स्थानीय तह र समुदाय सक्षम भएमा विपद्का घटनामा तत्काल उद्धार तथा राहत कार्य प्रभावकारीरूपमा सञ्चालन गर्न सकिने उनको भनाइ थियो ।

विपद्को उच्च जोखिममा रहेको कोशी प्रदेशमा बर्सेनि विभिन्न प्रकारका विपद्का घटना हुने गरेकाले यस्ता अभ्यास अत्यन्त आवश्यक रहेको उनले उल्लेख गरे । स्थानीय समुदायको सहकार्य तथा सुरक्षा निकायहरूको एकीकृत प्रयासमा सञ्चालन गरिने यस्ता अभ्यासले भविष्यमा आउने बाढीजन्य विपद्मा प्रभावकारी प्रतिकार्य गर्न महत्त्वपूर्ण सहयोग पुग्ने उनको भनाइ थियो ।

अभ्यासका क्रममा विपद् उद्धार तथा व्यवस्थापनसम्बन्धी विभिन्न सामग्री प्रदर्शन गरिएको थियो । मनसुनका बेला बाढी, डुबान, कटान तथा अन्य प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमलाई समयमै व्यवस्थापन गर्न र उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउन अभ्यास सञ्चालन गरिएको सेनाले जनाएको छ । अभ्यासका क्रममा सम्भावित विपद्का घटनाको कृत्रिम अवस्था सिर्जना गरी उद्धार, राहत व्यवस्थापन, घाइतेको उद्धार तथा समन्वयका विभिन्न पक्षको प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा श्री भगवती गण, श्री शिवदल गण, श्री कालीशक्ति गण, श्री सर्वभाग्य दल गण, अमरदल गण, भीमकाली गुल्म तथा नं १ विपद् व्यवस्थापन गणलगायतका विभिन्न गण तथा गुल्मका नेपाली सेनाका विपद् उद्धार टोलीको सहभागिता रहेको थियो ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक विनोद घिमिरे, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक केशवकुमार थेबेलगायत सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो । *रासस*

# बाँकेसहित तराईमा गर्मीले जनजीवन प्रभावित

**नेपालगञ्ज–** बाँकेसहित तराईका जिल्लामा अत्यधिक गर्मी बढेसँगै जनजीवन प्रभावित भएको छ । दिउँसोपख चरक्क लागेको घाम र तातो हावाका कारण मानिस बाहिर निस्कन नसक्दा यहाँका सडक सुनसानजस्तै देखिन थालेका छन् । गर्मी बढेसँगै उखुको जुस र लस्सी पिउने स्थानमा सेवाग्राहीको घुइँचो बढ्न थालेको छ ।

जल तथा मौसम विभाग कोहलपुरका प्रमुख रामप्रसाद अवस्थीका अनुसार सन् २०१२ जुन १४ मा नेपालगञ्जमा सबैभन्दा बढी ४५ डिग्रीसम्म तापक्रम पुगेको थियो । पछिल्लो समय तराईका जिल्लामा अत्यधिक गर्मी बढ्दै गएको छ । यसले सबैभन्दा बढी विद्यालयका बालबालिका, दैनिक काम गर्ने श्रमिक बढी प्रभावित भएका उनले बताए ।

मौसम विभागका प्रमुख अवस्थीले शनिबार साँझ ३८ देखि ४० डिग्री सेल्सियससम्म तापक्रम पुग्ने पूर्वानुमान गर्दै दिउँसो २:०० देखि ५:४५ बजेसम्मको तापक्रमलाई आधार मानी पूर्वानुमान गरिएको उनले जानकारी दिए । उनले बिहीबार यस वर्षको सबैभन्दा बढी ४१.५ डिग्री सेल्सियस तापक्रम पुगेको जनाउँदै जेठ ४ गते यतादेखि तापक्रम निरन्तर बढिरहेको बताए ।

प्रमुख अवस्थीले तातो दिन, अधिक तातो दिन र अत्यधिक तातो दिनका रूपमा तापक्रमअनुसार वर्गीकरण गरिने उल्लेख गर्दै कोहलपुरबाहेक राँझा विमानस्थल र खजुरा स्टेसनबाट लिइएको तापक्रमअनुसार निर्क्योलमा पुगिने जानकारी दिए । 'एक दिन गर्मी हुँदा अर्को दिन अलि कम हुने अवस्था पनि देखिएको छ तर गर्मी बढ्दै गएको छ,' उनले भने ।

गर्मीले जनजीवन प्रभावित बनाइरहेका बेला विद्युत् आपूर्तिमासमेत कठिनाइ झेल्नुपर्दा यस क्षेत्रका स्थानीयले सास्ती खेपिरहनुपरेको छ । विद्युत् आपूर्ति भए पनि कम (लो) भोल्टेजका कारण घर तथा कार्यालयमा पंखा राम्ररी चल्न सकेका छैनन् भने पानी तान्ने मोटरलगायत उपकरण बिग्रिएका नेपालगञ्ज-९ का शिवदत्त भट्टले बताए । उनले विद्युत् आपूर्ति नियमित नहुँदा धेरै सास्ती झेल्नुपरेको उल्लेख गर्दै बर्सेनि देखिने यस्तो समस्या शीघ्र समाधान गर्न आग्रह गरे ।

विद्युत् प्राधिकरण केन्द्र नेपालगञ्ज वितरण केन्द्रका प्रमुख इन्जिनियर सञ्जयकुमार मिश्राले कोहलपुर ग्रिड शाखाबाट प्रसारण हुने विद्युत्मा लोड (भार) भएकाले त्यसको असर नेपालगञ्जको विद्युत् लाइनमा परेको जानकारी दिए । उनले भने, 'व्यक्तिगतरूपमा दिनरात नियमित विद्युत् आपूर्तिको पक्षमा पहल गरिरहेको छु । तर कोहलपुर ग्रिड शाखाबाट सबस्टेसनमा वितरण हुने विद्युत् 'लो भोल्टेज'को भएकाले समस्या देखिएको हो ।'

इन्जिनियर मिश्राले कोहलपुर ग्रिडको १३२/३३ केभी प्रसारण लाइनमा देखिएको समस्या दीर्घकालीनरूपमा समाधानका लागि जानकीको बकसपुरमा निर्माणाधीन प्रसारण लाइनको काम सम्पन्न भएपछि हुने बताउँदै योसँगै नेपालगञ्जमा देखिएको विद्युत्को समस्या समाधान हुने विश्वास व्यक्त गरे । उनले यस क्षेत्रको विद्युत् आपूर्ति सहज बनाउन अहिलेसम्म आठवटा विद्युत् ट्रान्सफर्मर परिवर्तन गरिएको जानकारी दिए । 'जहाँ समस्या देखिएको छ, त्यहाँ नयाँ फिडरको व्यवस्था गरिएको छ,' उनले भने । *रासस*

# बड्डीचौर–खम्बागाडे सडक निर्माण नहुँदा नागरिकलाई सास्ती



**कर्णाली–** सुर्खेत पश्चिमका बराहताल गाउँपालिका, पञ्चपुरी नगरपालिका र चौकुने गाउँपालिका जोड्ने बड्डीचौर-बिउरेनी-खम्बागाडे सडक निर्माण नहुँदा नागरिकलाई सास्ती हुँदै आएको छ । करिब चार वर्षसम्म सडक नबन्दा पश्चिम सुर्खेतका तीन पालिकाका ७५ हजारभन्दा बढी नागरिकले सास्तीपूर्ण यात्रा गर्दै आएका छन् ।

उक्त सडक निर्माणको जिम्मा लिएको अनक/जयदेवी जेभी निर्माण सेवाले चार वर्ष लाग्दासमेत निर्माणमा ढिलाइ गरेपछि नागरिकले हिउँदमा धूलो र वर्षामा हिलोमा हिँड्नुपर्ने बाध्यता छ । निर्माण कम्पनीले आर्थिक वर्ष २०७८/७९ मा दुई वर्षभित्र काम सम्पन्न गर्नेगरी सम्झौताका साथ बड्डीचौर-बीउरेनी-खम्बागाडे १३ किलोमिटर सडक कालोपत्र गर्ने जिम्मा लिएको पूर्वाधार विकास निर्देशनालय सुर्खेतका निमित्त निर्देशक सूर्यबहादुर शाहीले जानकारी दिए ।

'भ्याटसहित ४२ करोड रूपैयाँ लागत रहेको सडकमा अहिलेसम्म भौतिक प्रगति ४० प्रतिशत र वित्तीय प्रगति ३२.२ प्रतिशत छ,' निर्देशक शाहीले भने, 'तोकिएको समयमा निर्माण हुन नसक्दा यहाँका तीन पालिकाका नागरिक निर्देशनालयमा पुगेर गुनासो पोख्दै आएका छन् ।' सम्बन्धित निर्माण व्यवसायीको लापरवाहीका कारण यहाँका नागरिकको आवागमनमा जटिलता पैदा भएको उनको भनाइ छ ।

निर्माण कम्पनीले तोकिएको समयमा काम सम्पन्न नगर्दा एकपटक म्याद थपिएको तर थपेको म्यादभित्र काम नसकेपछि अहिले सबै सरोकार भएकालाई अलपत्र सडकमा स्थलगत अवलोकन गराएर काम गर्न दबाब दिइएको निर्देशक शाहीले बताए । उनका अनुसार सुरुमा भोगाधिकार स्वीकृति, रुख कटान, विद्युत् लाइन व्यवस्थापन, संघीय सरकारबाट हुने निर्णय प्रक्रियालगायत प्रशासनिक तथा प्राविधिक ढिलाइका कारण आयोजना प्रभावित भए पनि पछिल्लो समय सो कम्पनीले काममा गति दिन नसकेको हो ।

> आगामी आव २०८३/८४ को चैत मसान्तसम्म काम सम्पन्न गर्नेगरी म्याद थप्ने तयारी भइरहेको बताउँदै निर्देशक शाहीले उक्त तोकिएको समयमा काम सम्पन्न नगरे कारबाही प्रक्रिया अगाडि बढाउने चेतावनी दिए । निर्माणाधीनस्थलमा अब कुनै अवरोध नभएकाले नागरिकका समस्यालाई ध्यान दिएर कुनै आलटाल नगरी बेलैमा काम सम्पन्न गर्न निर्माण कम्पनीलाई उनले निर्देशन दिए ।

आगामी आव २०८३/८४ को चैत मसान्तसम्म काम सम्पन्न गर्नेगरी म्याद थप्ने तयारी भइरहेको बताउँदै निर्देशक शाहीले उक्त तोकिएको समयमा काम सम्पन्न नगरे कारबाही प्रक्रिया अगाडि बढाउने चेतावनी दिए । निर्माणाधीनस्थलमा अब कुनै अवरोध नभएकाले नागरिकका समस्यालाई ध्यान दिएर कुनै आलटाल नगरी बेलैमा काम सम्पन्न गर्न निर्माण कम्पनीलाई उनले निर्देशन दिए ।

अनक/जयदेवी जेभी निर्माण सेवाका आधिकारिक प्रतिनिधि शंकर रावतले सुरुमा रुख कटान, भोगाधिकार, विद्युत् लाइन व्यवस्थापनलगायतका जटिलताले काम रोकिए पनि अब त्यसमा सहजता भइसकेकाले काम नरोकिने बताए । मध्यपूर्व एसियाको द्वन्द्वले इन्धन महँगो र पाउन गाह्रो भएकाले पछिल्लो समयमा सरकारले यसमा ध्यान पुऱ्याएर व्यवसायीका मर्का बुझिदिन उनले अनुरोध गरे ।

यो जेठ मसान्तभित्र सवारीसाधन र मानिस दुवै सहज आवातजावत हुने गरी सडक निर्माण गरिने र आउने मनसुनले अवरोध नपुऱ्याउने प्रतिनिधि राउतले प्रतिबद्धता व्यक्त गरे । उनले दैनिक दुई हजार लिटर तेल खर्च हुने अवस्थामा अहिलेमात्र ६०० लिटर पाइने भएकाले उपकरण सञ्चालनका लागि तेल उपलब्ध गर्ने विषयमा स्थानीय जनप्रतिनिधि तथा प्रदेश सरकारलाई सहजीकरणका लागि आग्रह गरे ।

चौकुने गाउँपालिकाका अध्यक्ष खड्ग विश्वकर्माले निर्माण व्यवसायीका कारण सुर्खेत पश्चिमका जनताले ठूलो क्षति भोग्नुपरेको रोष प्रकट गर्दै बेलैमा काम नसके जनधन दुवैको क्षति व्यवसायीले तिर्नुपर्ने चेतावनी दिए । पञ्चपुरी नगरपालिकाका प्रमखु लालबहादुर भण्डारीले अहिले काममा कुनै अवरोध नभएकाले कामलाई निरन्तरता दिने विषयमा बाहना नगर्न सुझाए ।

बराहताल गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी पुन मगरले चार वर्षसम्म पनि १३ किलोमिटर सडक बनाउन नसक्दा त्यसको दोष स्थानीय जनप्रतिनिधिले खेप्नुपरेको बताइन् । सडक निर्माणजस्तो महत्त्वपूर्ण कामलाई निर्माण व्यवसायीको चरम लापरवाहीले अन्योलमा हुँदा यहाँका जनता हिलो र धूलोबाट पोतिनुपरेको उनले गुनासो पोखिन् ।

जिल्ला समन्वय समितिका प्रमुख गंगाराम सुनारले प्रदेश सरकार, प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका प्रमुख तथा अध्यक्षहरूसँग बसेर गरेको निर्णयले सडक निर्माणका सबै अवरोध हटाउँदा पनि काम गर्न नसक्नु निर्माण कम्पनीको कमजोरी रहेको बताए । निर्माण व्यवसायीले अब बहाना गर्ने कुनै ठाउँ नभएको भन्दै उनले कम्पनीको उपकरण सञ्चालनका लागि आवश्यक इन्धन उपलब्ध गराउन सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे । *रासस*

# जुम्लामा स्वास्थ्य बिमा नवीकरण गर्नेको संख्या घट्यो

**जुम्ला–** स्वास्थ्य बिमा नवीकरण गर्नेको संख्या पछिल्लो समयमा घट्दै क्रममा रहेको छ । जिल्लास्थित स्वास्थ्य बिमा बोर्ड सम्पर्क कार्यालयका दर्ता अधिकारी तीर्थराज जोशीका अनुसार यहाँका करिब एक लाख तीन हजार जना नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् ।




सक्रिय बिमा संख्या ४४ हजार ४७९ जना रहेका छन् । करिब ५६ हजारले बिमाको नवीकरण नगरेको स्वास्थ्य बिमा बोर्ड सम्पर्क कार्यालयका दर्ता अधिकारी जोशीले बताए । जिल्लाका १४ हजार ८८५ घरपरिवार बिमामा आबद्ध भएका छन् । ज्येष्ठ नागरिक तीन हजार ९२३, अति अशक्त अपांगता ९८ र महिला स्वास्थ्य स्वंयसेविका ३०६ जनाको परिवार स्वास्थ्य बिमामा आबद्ध भएको स्वास्थ्य बिमा सम्पर्क कार्यालयका दर्ता अधिकारी जोशीको भनाइ छ ।

अति गरिब घरपरिवारका करिब १७ हजार ३१२ जनाले नवीकरण नगर्दा संख्या बढेको तथ्यांक देखाउन छ । अति गरिब घरपरिवारको निःशुल्क बिमा नवीकरण गर्ने व्यवस्था सरकारले बन्द गरेपछि जिल्लामा नवीकरण नगर्नेको संख्या बढेको स्वास्थ्य बिमा बोर्ड कार्यालयका दर्ता अधिकारी जोशीले जानकारी दिए । सरकारले अपांगता भएका, अशक्त, कुष्ठरोगी, एचआइभी संक्रमित, ज्येष्ठ नागरिकलाई निःशुल्क बिमा गर्ने व्यवस्था गरेको छ । अन्यको हकमा शुल्क लिएर एक लाख रूपैयाँबराबरको स्वास्थ्य बिमा गर्ने गरिएको स्वास्थ्य बिमा बोर्ड कार्यालयले जनाएको छ ।

बिमाको जथाभावी प्रयोगले अहिले स्वास्थ्य बिमा बोर्डको केन्द्रीय कार्यालयले सहभुक्तानीको व्यवस्थासमेत गरेको छ । बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमा नै पठाएर नागरिकलाई बिमामा सहभागी गराउने अभियानमा रहेको स्वास्थ्य बिमा बोर्ड कार्यालयले जनाएको छ ।

नवीकरण घट्नुको मुख्य कारण सेवाको गुणस्तर तोकिएका अस्पतालमा औषधि सहज नपाइने र लामो लाइन बस्नुपर्ने बाध्यता, ढिलाइ र अस्पतालहरूले बिमित बिरामीको रकम भुक्तानी नपाएको गुनासोजस्ता कार्यले आमनागरिकलाई स्वास्थ्य बिमाप्रति जनविश्वास घटेको यहाँका स्थानीयवासी बताउँछन् । जिल्लामा २०७४ सालदेखि स्वास्थ्य बिमाको सेवा विस्तार भएको हो । *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९३७०० | प्रति तोला – ० | प्रति तोला – ५११५ |



**बजार लैजाने तयारी** | दाङको घोराही–१६ तेरौटेस्थित मसिनाका महेश पौडेलको नवीनतम् कृषि फर्ममा बिक्रीका लागि गोलभँडा संकलन गरिँदै । दाङमा गोलभँडा प्रतिकिलो २५ रूपैयाँ थोक मूल्यमा बिक्री भइरहेको पौडेलले जनाए । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# हेटौंडा कपडा उद्योग पुनः सञ्चालनको गृहकार्य

■ **प्रभाव संवाददाता**

**बागमती–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालनको लागि गृहकार्य भइरहेको बताएका छन् ।

हेटौंडास्थित औद्योगिक क्षेत्रको निरीक्षण गर्दै मन्त्री यादवले रुग्ण हेटौंडा कपडा उद्योग सञ्चालनमा आए मुलुकको आर्थिक विकासमा टेवा पुग्ने भएकाले छिट्टै कपडा उद्योग सञ्चालनको कामलाई तीव्रता दिने बताए ।

मुलुकको आर्थिक अवस्थालाई सुदृढ बनाउन र रोजगारीको वातावरण सृजना गर्न सरकारले रुग्ण उद्योग सञ्चालनमा ल्याउने नीति लिएको उल्लेख गर्दै मन्त्री यादवले आगामी आर्थिक वर्षको बजेटमा रुग्ण कपडा उद्योग सञ्चालनको लागि बजेट विनियोजन गरिने प्रतिबद्धतासमेत व्यक्त गरे । बन्द उद्योगहरू सञ्चालनमा आए रोजगारीको अवसर सृजना हुने उल्लेख गर्दै मन्त्री यादवले कपडा उद्योग सञ्चालनका लागि आवश्यक तयारीमा सरकार जुटेको बताए ।

मन्त्री यादवले हेटौंडा औद्योगिक क्षेत्र व्यस्थापन कार्यालयसँगै रुग्ण अवस्थामा



रहेको हेटौंडा कपडा उद्योगको निरीक्षण गरे । उक्त अवसरमा हेटौंडा औद्योगिक क्षेत्र व्यस्थापन कार्यालयका प्रमुख संगिता कुँवरले औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूको अवस्थाबारे मन्त्री यादवलाई जानकारी बताइन् ।

अमेरिकी सरकारको आर्थिक सहयोगमा विसं २०२० मङ्सिर २० गते स्थापना भएको सो औद्योगिक क्षेत्रभित्र हाल १४७ उद्योग तथा प्रतिष्ठान छन् ।

कूल तीन हजार २२८ रोपनी क्षेत्रफलमा फैलिएको सो औद्योगिक क्षेत्रभित्र अहिले खाद्य उद्योग, युनाइटेड ब्रुअरी (पेय पदार्थ), गोर्खा ब्रुअरी कम्पनी, एसियन पेन्ट्स, पशु आहारा दाना उद्योग, कार्टुन उद्योग प्रमुख उद्योगको रूपमा सञ्चालनमा छन् ।

# ज्येष्ठ र अपांगता भएका नागरिकलाई विशेष व्यवस्था गर्न निर्देशन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपांगता भएका नागरिक र साक्षरता नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन जारी गर्दै त्यस्ता वर्गका ग्राहकलाई विशेष काउण्टर तोकेर सेवा प्रदान गर्न भनिएको हो ।

इजाजतप्राप्त संस्थाले एकापसमा सहकार्य गरी प्रत्येक



स्थानीय तहमा कम्तीमा एक शाखा अपांगमैत्री बनाउनुपर्ने र त्यस प्रकारका शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले 'एटिएमलाउञ्ज' भएका स्थानमा ब्रेललिपिका संकेत तथा ध्वनि सहयोगसहितका कम्तीमा एक अपांगमैत्री एटिएम राख्नुपर्ने नेपाल राष्ट्र बैंकले जनाएको छ ।

यस्तो विवरण पनि आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ । अपांगता भएका व्यक्तिले एटिएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङलगायत वित्तीय सेवा व्यक्ति स्वयंले उक्त सेवा उपयोग गर्नसक्ने स्वघोषणा गरेको खण्डमा इजाजतप्राप्त संस्थाले त्यस्तो सेवा उपलब्ध गराउनुपर्नेछ ।

आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ एप दृष्टिसम्बन्धी अपांगता भएका व्यक्तिलेसमेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्नेछ । त्यस्तै, क्रेडिट र डेबिट कार्डमा दृष्टिविहीनमैत्री प्रविधिसमेत जडान भएको हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्थाबमोजिम अतिरिक्त पारिश्रमिक प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने एकीकृत निर्देशनमा उल्लेख छ । साथै कार्यालय समयका अतिरिक्त समयमा काम गर्न कर्मचारी बाध्य नहुने र बाध्य पार्न नपाइनेसमेत निर्देशनमा उल्लेख छ ।

# ऊर्जामन्त्रीद्वारा विद्युत् भारप्रेषण केन्द्रको निरीक्षण

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले स्युचाटारस्थित नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रणाली तथा सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को निरीक्षण गरेका छन् । मन्त्री श्रेष्ठले शनिबार साँझ स्युचाटारस्थित नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रणाली तथा सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को निरीक्षण गरेका हुन् ।

निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले मुलुकको समग्र विद्युत् प्रणालीको सञ्चालन, ग्रिडको विद्युत् आपूर्ति व्यवस्थापन र छिमेकी मुलुकसँग भइरहेको अन्तरदेशीय विद्युत् खरिद बिक्रीको वर्तमान अवस्थाबारे जानकारी लिएका थिए ।

# सार्वजनिक बसमा 'लगेज ट्याग' प्रणाली लागू हुने

■ **प्रभाव संवाददाता**

> 'जहाजमा जस्तै अब बसमा पनि लगेज ट्याग प्रणाली लागू हुनेछ । यसले यात्रुको झोला साटिने, हराउने वा गलत व्यक्तिले लैजाने समस्या हटाउनेछ । यात्रुले ढुक्क भएर यात्रा गर्न सक्ने वातावरण बन्नेछ ।'

**काठमाडौं–** काठमाडौं उपत्यकाबाट बाहिरिने लामो दूरीका सार्वजनिक सवारी साधनमा अबदेखि यात्रुको लगेज (झोला) ट्याग प्रणाली लागू गरिने भएको छ । यात्रुको सामान सुरक्षित बनाउने, झोला हराउने तथा साटिने समस्या अन्त्य गर्ने र सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउने उद्देश्यसहित उक्त प्रणाली लागू गर्न लागिएको हो ।

यस सम्बन्धमा शुक्रबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र राष्ट्रिय यातायात व्यवसायी महासंघबीच औपचारिक सम्झौता भएको छ । सम्झौतापत्रमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारी तथा राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष सरोज सिटौलाले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार अब लामो दूरीका सार्वजनिक बसमा यात्रा गर्ने यात्रुको लगेजमा यहीँ जेठ १५ गतेदेखि विशेष ट्याग लगाइने भएको छ । यात्रुले पाउने ट्याग नम्बर र बसमा राखिने सामानको ट्याग नम्बर मिलाएर मात्रै गन्तव्यमा सामान बुझाइने व्यवस्था गरिने बताइएको छ ।

यसले यात्रुको सामान सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले सार्वजनिक यातायात क्षेत्रमा बढ्दो लगेज चोरी, झोला हराउने तथा गैरकानुनी गतिविधि नियन्त्रण गर्न यस्तो प्रणाली आवश्यक रहेको जानकारी दिए ।

उनले भने, 'सार्वजनिक सवारी साधनमा यात्रा गर्ने यात्रुको लगेज हराउने, चोरी हुने तथा अन्य अवाञ्छित गतिविधि रोक्न यो प्रणाली प्रभावकारी हुनेछ । यात्रुको सुरक्षालाई केन्द्रमा राखेर ट्राफिक प्रहरी र यातायात व्यवसायीबीच सहकार्य गरिएको हो । प्रारम्भिक चरणमा जेठ १५ बाट यो व्यवस्था लामो दूरीका सवारी साधनमा लागू हुनेछ ।'

राष्ट्रिय यातायात व्यवसायीक महासंघका अध्यक्ष सरोज सिटौलाले हवाई यात्रामा जस्तै सार्वजनिक बस सेवामा पनि आधुनिक व्यवस्थापन प्रणाली भित्र्याउन लागिएको जानकारी दिए । उनका अनुसार यात्रुको लगेज सुरक्षित राख्ने विषय लामो समयदेखि चुनौतीका रूपमा रहेको थियो ।

उनले भने, 'जहाजमा जस्तै अब बसमा पनि लगेज ट्याग प्रणाली लागू हुनेछ । यसले यात्रुको झोला साटिने, हराउने वा गलत व्यक्तिले लैजाने समस्या हटाउनेछ । यात्रुले ढुक्क भएर यात्रा गर्न सक्ने वातावरण बन्नेछ ।'

यातायात व्यवसायीका अनुसार चाडपर्व, भीडभाड तथा रात्रीकालीन यात्राका क्रममा यात्रुको सामान हराउने गुनासो धेरै आउने गरेको थियो । कतिपय अवस्थामा चोरी तथा अवैध वस्तु ओसारपसारमा सार्वजनिक सवारीको दुरूपयोग हुने गरेको भन्दै सुरक्षा निकायले चिन्ता व्यक्त गर्दै आएका थिए । नयाँ प्रणाली लागू भएपछि यस्ता गतिविधिमा कमी आउने अपेक्षा गरिएको छ ।

यस प्रणालीअन्तर्गत बस काउन्टरबाट यात्रुको लगेजमा कोड वा नम्बरसहितको ट्याग लगाइनेछ । सोही नम्बर यात्रुलाई पनि उपलब्ध गराइनेछ । गन्तव्यमा पुगेर ट्याग मिलाएपछि मात्रै सामान हस्तान्तरण गरिने व्यवस्था मिलाइने तयारी गरिएको छ । ट्राफिक प्रहरीका अनुसार आगामी दिनमा प्रविधिमैत्री तथा डिजिटल प्रणालीसमेत जोड्ने योजना बनाइएको छ । आवश्यक परे क्युआर कोड वा डिजिटल रेकर्ड राख्ने अभ्यास पनि सुरु गर्न सकिने बताइएको छ ।

यसैबीच काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले 'सडक र सवारी लक्षित मनसुनजन्य विपद् न्यूनीकरण अभियान-२०८३'को पनि शुभारम्भ गरेको जनाएको छ । वर्षायाममा हुन सक्ने सडक दुर्घटना, पहिरो, डुबान तथा सवारी अवरोधलाई लक्षित गर्दै उक्त अभियान सुरु गरिएको कार्यालयले जनाएको छ । ट्राफिक प्रहरीले मनसुन अवधिमा यात्रुको सुरक्षालाई प्राथमिकतामा राखेर सवारी साधनको प्राविधिक अवस्था परीक्षण, चालकको स्वास्थ्य जाँच, जोखिमयुक्त सडकको निगरानी तथा यात्रु सचेतना कार्यक्रम सञ्चालन गरिने जानकारी दिएको छ ।

# चिया बगानभित्रै 'सुपारी'को व्यावसायिक खेती

**झापा–** राम्रो बजार र उच्च आर्थिक सम्भावना बोकेको प्रमुख नगदे बालीका रूपमा झापामा चिया र सुपारीको अलग-अलग खेती हुँदै आएको छ । तर, यहाँको एक कम्पनीले भने एउटै जमिनमा दुवै बालीको मिश्रित खेती गरेर नयाँ अभ्यासको थालनी गरेको छ ।

भद्रपुर नगरपालिका ८ र ९ मा सञ्चालित 'हडिया रियल टि इस्टेट'ले ६० बिघा क्षेत्रफलमा चिया र सुपारीको व्यावसायिक खेती एकसाथ अघि बढाएको हो । चिया र सुपारीको पर्यावरणीय आवश्यकताअनुरूप जलवायु र माटो एकअर्कासँग निकै मिल्दोजुल्दो भएकाले मिश्रित खेती सुरु गरिएको इस्टेटका सञ्चालक भक्ति अधिकारीले जानकारी दिए ।

'सुपारीको अग्लो बोटले चिया झाडीलाई आवश्यक पर्ने हलुका छहारी दिन्छ', उनले भने, 'यसबाट एउटै बगान र एउटै लगानीबाट चिया र सुपारी दुवैको दोहोरो लाभ लिन सकिन्छ ।' झापामा कुनै व्यावसायिक कम्पनीले संस्थागत रूपमै अन्तरबालीका रूपमा यी दुवै बालीको खेती एकसाथ गरेको यो पहिलोपटक हो ।

उक्त बगानमा करिब एक दशकअघि नै चियाका बिरुवा रोपेर उत्पादन लिन थालिएको थियो भने सुपारीका बिरुवा तीन वर्षअघि मात्र थपिएको हो । हाल ६० बिगाहा क्षेत्रफलमा ६० हजार सुपारीका बोटहरू हुर्किरहेका छन् । चियाले लगातार उत्पादन दिइरहेको भन्दै उनले सुपारीले भने अबको चार वर्षपछि मात्र उत्पादन दिन थाल्ने बताए ।

चिया बगानभित्र सुपारी विस्तारका लागि कम्पनीले रु एक करोड अतिरिक्त लगानी गरिसकेको जनाएको छ । आगामी दिनमा कूल १०२ बिघा चिया बगानमै अन्तरबालीका रूपमा सुपारीखेती विस्तार गर्ने कम्पनीको योजना छ ।

'हाम्रो बगानमा चिया पहिल्यै थियो', मिश्रित खेतीको अनुभव सुनाउँदै अधिकारीले भने, 'भारतको आसाम भ्रमणका क्रममा त्यहाँ चिया बगानभित्रै सुपारीका बोटहरू हुर्काएको देखेपछि मलाई पनि यो सोच आएको हो । हामीले आसामबाटै उन्नत जातको सुपारीको दाना ल्याएर आफ्नै नर्सरीमा बिरुवा तयार गर्यौं । अहिले ती बोटहरू तीन वर्षका भइसके ।'

ऐतिहासिक रूपमा भारतबाटै नेपाल भित्रिएका यी दुवै बालीको मुख्य निर्यात बजार पनि भारत नै हो । हाल नेपालका ३१ जिल्लाको २१ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा चियाखेती फैलिएको छ भने सुपारीखेती मुख्य गरी कोशी प्रदेशका झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम गरी करिब चार हजार हेक्टरमा छ ।

मुलुकको कूल सुपारी उत्पादन र क्षेत्रफलको दुई तिहाइभन्दा बढी हिस्सा झापा जिल्लाले मात्र ओगटेकाले यसलाई 'सुपारीको राजधानी' समेत भनिन्छ । जिल्लाको करिब तीन हजार हेक्टरमा सुपारीखेती हुन्छ । झापाको मेचीनगर र अर्जुनधारा नगरपालिका तथा बुद्धशान्ति गाउँपालिका सुपारी उत्पादनका प्रमुख केन्द्र हुन्, जहाँ रैथाने किसानहरूले परम्परागत रूपमै यसको खेती गर्दै आएका छन् ।

पछिल्लो समय झापामा छहारी मन पराउने बालीहरू चिया, मरिच, अलैंची र केराको अन्तरबाली लगाएर एउटै जमिनबाट बहुआयामिक लाभ लिने उत्कृष्ट अभ्यास भइरहेको छ । मेचीनगर नगरपालिका-४ का अगुवा किसान रवि नेपालले यसअघि नै व्यक्तिगत रूपमा यस्तो मिश्रित खेतीबाट मनग्य आम्दानी गरिरहेका छन् ।

व्यावसायिकस्तरमा ठूलो लगानी गरेर चिया र सुपारीको मिश्रित खेती गर्ने जोखिम हडिया रियल टी इस्टेटले पहिलोपटक उठाएको हो । बगानमा सुपारीका बोटहरू क्रमशः हुर्किँदै गएपछि छहारीका लागि पहिले लगाइएका सिरिसलगायतका रुखहरू हटाइएको छ । कम्पनीले सुपारीखेतीको छुट्टै हेरचाह, गोडमेल र मलजलका लागि विशेष प्राविधिक तथा श्रमिकसमेत परिचालन गरेको जनाएको छ ।

हडिया इस्टेटको यो मिश्रित खेती मोडेल सफल भएमा जिल्लाका अन्य ठूला चिया बगानहरूमा पनि सुपारी खेती विस्तारको नयाँ ढोका खुल्नेछ । यसैको सिको गर्दै मेचीनगर नगरपालिका-१५ स्थित 'वंशल टी इस्टेट'ले पनि परीक्षणका रूपमा चिया बगानभित्र सुपारीका बिरुवा रोप्न सुरु गरिसकेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ